Fact Sheet 3 – Nepali

तथ्य पत्र ३

# लैङ्गिक समानता र सम्मानको प्रबर्द्धन गर्दै

**अष्ट्रेलियाको समाज निष्पक्षता, अवसर र छनौटमा सवैको लागि स्थापित भएको हो। हामीले पुरुषहरु र महिलाहरुबिचको समानताको कदर गर्छौं, र हिंसाबाट मुक्त भई बाँच्ने सवैको अधिकार छ।**

**लैङ्गिक समानता प्राप्त गर्नाले महिलाहरु विरुद्ध हुने हिंसालाई रोक्न सक्छ। हालका दशकहरुमा, अष्ट्रेलियाले लैङ्गिक समानता हाँसिल गर्ने तर्फ महत्वपूर्ण प्रगति गरेको छ।**

## अष्ट्रेलियामा लैङ्गिक समानता

घरेलु, पारिवारिक र यौनिक हिंसा रोक्न सहयोगको लागि सम्मान र समानताको संस्कारहरु विकास गर्न, अष्ट्रेलियाली र साउथ अष्ट्रेलियाली सरकारहरुले व्यक्तिहरु, परिवारहरु, समुदायहरु, कार्यस्थलहरु, व्यवसायहरु, र धार्मिक समूहहरुसङ्ग साझेदारी गर्छ।

महिलाहरुलाई मतदान गर्न अधिकार दिनेमा साउथ अष्ट्रेलिया, अष्ट्रेलियामा पहिलो र विश्वमा चौंथो हो। महिलालाई संसदमा उठ्न पाउने र नेता र निर्णयकर्ताहरुको रुपमा हाम्रो समाजलाई चाहे अनुसार बनाउनको लागि सहभागी हुन  अवसर दिनेमा पनि विश्वमा पहिलो हो।

अष्ट्रेलियाली र साउथ अष्ट्रेलियाली कानूनहरुले अवसरको समानता प्रबर्द्धन गर्न, विभेद रोक्न, पूर्वाग्रहलाई हतोत्साह गर्न र सार्वजनिक, आर्थिक र सामाजिक जीवनमा सहभागी गराउन, मानिसहरुलाई सक्षम तुल्याउँछ। तिनीहरुले यौन विभेद र यौनिक उत्पीडनबाट बचाउन महिलाहरुलाई कानूनी सुरक्षा दिएका छन्।

यी कानूनहरुको अर्थ, महिलाहरुसङ्ग निम्न अधिकारहरु छन्:

- उनीहरुका आम्दानी र कमाइमा आफै नियन्त्रण गरेर आर्थिकरुपले स्वतन्त्र हुने
- कुनै प्रकारको काम भए पनि गर्ने;
- कानूनी हकहरु जस्तै पूरै तलब सहितको बाबुआमाले पाउने बिदा (Paid Parental Leave) मार्फत काम र हेरचाह गर्ने जिम्मेवारीहरुको सन्तुलन मिलाउने; र
- यौन विभेद र उत्पीडनबाट मुक्त भएर बाँच्ने।

अष्ट्रेलियामा सवैसङ्ग समानरुपले योगदान दिने र सहभागी हुने अधिकार छ। महिलाहरुले, अन्य महिलाहरु र केटीहरुलाई आर्थिक सशत्तिकरण हाँसिल गर्नमा प्रेरणा दिएर जनशक्तिको सवै क्षेत्रमा भाग लिन्छन्।

महिलाहरुलाई हुनसक्ने सम्भावित नेताहरु र निर्णयकर्ताहरुको रुपमा सक्षम तुल्याउन पनि लैङ्गिक समानता हाँसिल गर्न महत्वपूर्ण छ। साउथ अष्ट्रेलियाली सरकारले बोर्डहरु र समितिहरुमा ५० प्रतिशत महिलाहरुको प्रतिनिधित्व कायम गरेर उदाहरण प्रस्तुत गरेको छ।

अष्ट्रेलियाभरी महिलाहरुको खेलकुद उपलब्धीहरुको उत्सव मनाइन्छ र महिला खेलकुदको लोकप्रीयता बढ्दै छ, जुन खासगरी कुलिन, अष्ट्रेलियन फुटबल लिग वुमेन्स (AFLW),  महिला खेलाडीहरुको लागि अष्ट्रेलियाली नियमको फुटबल लिग जब प्रारम्भ भयो।

यी अधिकारहरु र अपेक्षाहरु अष्ट्रेलियामा रहेका सवैको लागि लागू हुन्छ।

## लैङ्गिक असमानता र घरेलु, पारिवारिक र यौनिक हिंसा (DFSV)

कतिपय भेदभावपूर्ण र हानिकारक विश्वासहरुले घरेलु, पारिवारिक र यौनिक हिंसा गराउनमा योगदान दिन्छ भनी अध्ययनले देखाउँछ:

- पुरुषहरु र महिलाहरु बिचमा असमानता;
- महिलाहरुको र पुरुषहरुको भूमिकाहरु बारे अपेक्षाहरु र निश्चित धारणाहरु; र
- सामाजिक मनोवृत्तीहरु, जसले पुरुषहरुद्धारा महिलाहरु प्रति गरिने हिंसालाई माफ गर्छ।

यी विश्वासहरुले महिलाहरुलाई उनीहरुको सम्बन्धहरुमा र समाजमा कम सम्मान र प्रतिष्ठा दिएर व्यवहार गरे पनि हुन्छ भन्ने गराउन सक्छ।

लैङ्गिक समानता हाँसिल गराउन र  घरेलु, पारिवारिक र यौनिक हिंसा कम गर्नमा यी विश्वासहरुलाई चुनौती दिनु र सम्बन्धित व्यवहारहरुलाई बदल्नु प्रमुख उपाय हो।

## मैले के गर्न सक्छु?

मनोवृत्तिहरु, विश्वासहरु र व्यवहारहरु जसले महिलाहरु विरुद्ध हुने हिंसालाई समर्थन गर्छन्, ती सिकेर आएका हुन् तथापि त्यसलाई चुनौति दिनै पर्छ र बदल्न पनि सकिन्छ।

व्यक्तिहरु र समुदायहरुले हानिकारक विश्वासहरुलाई चुनौति दिइरहेका छन् र अनुपयुक्त र अपमानजनक व्यवहार रोक्नलाई निम्न अनुसार कार्य गरेका छन्:

- पुरुषहरु र महिलाहरुबिच सम्मान बढाउने नयाँ कृयाकलापहरुमा संलग्न भएर;
- समानता र सम्मानको लागि प्रोत्साहन दिने कार्य थालेर;
- घरेलु, पारिवारिक र यौनिक हिंसा बारे जागरुक बनाएर;
- घरेलु, पारिवारिक र यौनिक हिंसा बारे छलफल चलाएर; र
- घरेलु, पारिवारिक र यौनिक हिंसा रोक्न उनीहरुको कार्यलाई परिवर्तन गरी सुदृढ पार्नको लागि साझेदारी र वकालत गरेर।

हामीहरु मध्ये हरेक व्यक्तिको खेल्नु पर्ने भूमिका छ। घरेलु, पारिवारिक र यौनिक हिंसा रोक्न हामीले सङ्गै मिलेर सहयोग गर्न सक्छौं।

यो घरेलु, पारिवारिक र यौनिक हिंसा बारेको ४ तथ्य पत्रहरु मध्ये एक हो। लैङ्गिक समानता र सम्मान प्रबर्द्धनको लागि थप थाहा पाउन तथ्य पत्र ४ हेर्नुहोस्। घरेलु, पारिवारिक र यौनिक हिंसा पहिचान गर्न र आवश्यकता अनुसार कदम चाल्नको लागि थप जानकारी तथ्य पत्रहरु १ र २ मा उपलब्ध छन्।